# ढोरपाटन नगरपालिका

# स्थानीय राजपत्र

## ढोरपाटन नगरपालिकाद्वारा प्रकाशित

वर्षः ६) ढोरपाटन, फागुन १ गते, २०७९ साल

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम ढोरपाटन नगरपालिकाको कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको कार्यविधि नं. १६

# विपद् व्यवस्थापन तथा राहत वितरण कार्यविधि, २०७९

**प्रस्तावना:**

प्राकृतिक प्रकोपबाट सर्वसाधारण जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नका लागि विपद्का घटनाको उद्धार कार्यहरू गर्ने र विपद् प्रभावितहरूलाई राहत तथा पुनर्स्थापनाको व्यवस्था गर्न आवश्यक देखिएकोले नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ को दफा २७ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि तयार पारेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम विपद् व्यवस्थापन तथा राहत वितरण कार्यविधि, २०७९ रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले ढोरपाटन नगरपालिकाको विपद् व्यवस्थापन तथा राहत वितरण कार्यविधि २०७९ सम्झनु पर्दछ।

ख) "नगरपालिका" भन्नाले ढोरपाटन नगरपालिका सम्झनु पर्दछ।

ग) "प्रमुख" भन्नाले ढोरपाटन नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

घ) " उप-प्रमुख" भन्नाले ढोरपाटन नगरपालिकाको उप-प्रमुख सम्झनु पर्दछ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ढोरपाटन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ

च) वडा कार्यालय भन्नाले ढोरपाटन नगरपालिकाका वडा कार्यालयहरूलाई सम्झनु पर्दछ।

छ) वडास्तरीय विपद् व्यवस्थापन समिति भन्नाले ढोरपाटन नगरपालिकाको नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ को दफा ६ बमोजिम गठीत समिति सम्झनु पर्दछ।

**३. उद्देश्य:**

क) यस कार्यविधिको उद्देश्य ढोरपाटन नगरपालिका क्षेत्र भित्र आईपर्न सक्ने प्राकृतिक तथा गैर प्राकृतिक विपद्का घटनाहरूको जोखिम

न्यूनीकरण र पूर्व तयारी साथै विपद् पिडितहरूको तत्काल उद्धार गर्नु, समयमै राहत उपलब्ध गराउनु तथा पिडितहरूको व्यवस्थित तवरले पुनर्स्थापना गर्नु रहेको छ।

**४. राहत वितरण कोषः**

क) राहत वितरणका लागि ढोरपाटन नगर कार्यपालिका कार्यालयको ‘‘क’’ वर्गको बैकमा रहेको ढोरपाटन नगरपालिका प्रकोप व्यवस्थापन कोषलाई नै राहत वितरण कोषको रूपमा प्रयोग गरिने छ। यस कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्।

अ) संघ/प्रदेशबाट प्राप्त रकम

आ) नगरपालिकाले राहत वितरणका लागि नगरसभाबाट अनुमोदन गर्ने गरी विनियोजन गरेको रकम

इ) विभिन्न व्यक्ति, संघ, संस्थाबाट राहत वितरण गर्नका लागि नगरपालिकालाई प्राप्त रकम।

ई) नगर कार्यपालिकाको निर्णय बमोजिम पदाधिकारी तथा कर्मचारीको सेवा सुविधाबाट कट्टी गरी प्राप्त हुन आउने रकम।

**५. उद्धार र राहत मापदण्डः**

क) विपद्को घटनामा परि कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु. १ लाखका दरले, सोही परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रति व्यक्ति थप रु. ५० हजारका दरले ढोरपाटन नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी राहत रकम उपलब्ध गराउने।

ख) विपदबाट घर, वहाल, आवास नष्ट भएमा वा खद्यान्न बाली तथा जग्गा जमिन वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागी खद्यान्न समेत नभएमा वा दुवै अवस्थामा पिडित परिवारलाई यथाशीघ्र प्रति परिवार ५ जनासम्म सदस्य भएको परिवार भए रु. १० हजार र ५ जना भन्दा बढी सदस्य भएको परिवार भए रु. १५ हजारका दरले नगद सहायता प्रदान गर्ने।

ग) विपद्का घटनामा परि खाद्यान्न तथा हाल बसोबास गरिरहेको घर मानवीय क्षति सहित पूर्ण रूपमा नष्ट भएमा वा पूर्ण रूपमा नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा त्यस्तो परिवारलाई सम्बन्धित वडाको सिफारीस र प्रहरी प्रतिवेदनको आधारमा नगर विपद् व्यवस्थापन समितिबाट निर्णय गरी प्रति परिवार रु. २ लाख ५० हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउने तर अर्को स्थानमा वसोवास गर्ने घर नभएको अवस्था भएमा मात्र त्यस्तो राहत रकम उपलब्ध गराइने छ।

घ) मानवीय क्षति नभएको तर घर, वासस्थान पूर्ण रूपमा क्षति भएको अवस्थामा पूर्ण क्षति भएको घरको लागि रू २५ हजार र आंशिक क्षति भएको घरको लागि रु. १५ हजार सम्म राहत स्वरूप उपलब्ध गराईने छ तर स्वयं परिवारको अर्को बसोबास गर्ने वैकल्पिक व्यवस्था नभएको हकमा मात्र यस्तो राहत रकम उपलब्ध गराईने ।

ङ) विपद्का घटनामा परी घाइते हुनेहरूलाई नगर विपद् व्यवस्थापन समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भुक्तानीका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई नगर विपद् व्यवस्थापन समिति मार्फत सिफारिस गर्ने ।

च) भुकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी, बतास, चट्याङ, शीतलहर, हिमपात, संक्रामक रोग, लगायतका विपद्का कारणबाट भएका घटनाको पिडितहरूलाई मात्र माथि उल्लिखित राहत रकम उपलब्ध गराउने ।

**६. राहत सामाग्री भण्डारः**

क) राहत वितरण गर्ने प्रयोजनका लागि नगर कार्यपालिकाको कार्यालयमा एक राहत सामाग्री भण्डार स्थापना गरिने छ । यस भण्डारमा प्राप्त निम्नानुसारका जिन्सी राहत सामाग्रीलाई व्यवस्थित गरी राखिनेछ र राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको निर्णय बमोजिम वितरण गरिनेछ ।

अ) नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट खरिद् गरिएका जिन्सी राहत सामाग्री

आ) विभिन्न व्यक्ति, संघ संस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबाट प्राप्त जिन्सी सामाग्री ।

इ) संघ तथा प्रदेश सरकारबाट प्राप्त जिन्सी सामाग्रीहरू ।

**७.राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिः**

क) नगर तहमा राहत वितरण कार्यको समन्वय गर्न देहाय अनुसारको राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समिति रहने छः

अ) नगरपालिकाको प्रमुख – प्रमुख

आ) नगरपालिकाको उप-प्रमुख – सदस्य

इ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ई) सामाजिक विकास समितिको संयोजक – सदस्य

उ) विपद् व्यवस्थापन हेर्ने शाखा प्रमुख – सदस्य- सचिव

**८. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

क) विपद् प्रभावित परिवारको लगत वडा कार्यालय मार्फत संकलन गर्ने ।

ख) परिस्थिति र आवश्यका अनुसार राहतको मात्रा (प्याकेज) तय गर्ने ।

ग) राहत सामग्री वितरण एवं व्यवस्थापनको जिम्मा तोक्ने ।

घ) राहत सामग्री वितरण एवं व्यवस्थापनको अनुगमन गर्ने वा गराउने ।

ङ) राहत सामग्री वितरणका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

च) आवश्यकता अनुसार अन्य कार्यहरू गर्ने ।

**९. राहत सामग्री संकलन तथा वितरण व्यवस्थापनः**

क) नगर स्तरमा राहत सहयोग संकलन तथा वितरण कार्य नगर समन्वय समितिबाट तय भए बमोजिम हुनेछ ।

१०. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार र अन्य कुराहरू प्रचलित कानुन अनुसार हुनेछन् ।

११. यो कार्यविधिको व्याख्या संशोधन तथा खारेज गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

प्रमाणीकरण मितिः २०७९/०९/२५

आज्ञाले,
विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत